जि.का.सप्तरी द.नं. १(१०३९/०६/१८)-०३९/०४० म.वि.हु.का.द.नं. ६/०६४/०६५

# नवीन साप्ताहिक

वर्ष ३९ अंक २७ २०७७ साल माघ १८ गते आइतवार (31 Jan 2021 Sunday) मूल्य रु. ७/-

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- सम्पत्तिको आपराधिक उपयोग गर्ने (अर्काको सम्पत्ति बेइमानीको नियतले उपयोग, हानि नोक्सानी वा हिनामिना गर्ने) लाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- आपराधिक विश्वासघात गर्ने (आफ्नो जिम्मा वा संरक्षणमा रहेको सम्पत्ति करार वा सम्झौता विपरीत अर्कालाई उपयोग गर्न दिने वा हक टुटाई अरुलाई दिने) लाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना हुने,
- अपराधिक लाभ (एक्टर्सन) लिने (अरुलाई धम्क्याई निजबाट लाभ लिने) लाई सात वर्षसम्म कैद र सत्तरी हजार रुपौयाँसम्म जरिबाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

*यस अंक भित्र* – **पृष्ठ २ मा :** क्यान्सरका बिरामीको ... **पृष्ठ ३ मा :** टेलिकमको उपकरण ... **पृष्ठ ४ मा :** नेपाली कांग्रेसभित्रको ... **पृष्ठ ५ मा :** आरोप फिर्ता लिएर निर्वाचनमा ...

# पुराना नेता तथा समाजसेवी अमृतलाल रहेनन्



**राजविराज**/राजविराज नगरपालिका वडा नं. १ चनौरा पडरिया निवासी समाजसेवी अमृतलाल चौधरीको निधन भएको छ ।

केही समययता प्रोस्टेट रोगले बिरामी परेका ९० वर्षीय चौधरीको शनिबार बिहान आफ्नै निवासमा निधन भएको हो ।

सो वडाका अध्यक्ष रहेका उनका कान्छा छोरा चन्द्रशेखर चौधरीका अनुसार बिहान ४ बजेतिर उनको आफ्नै निवासमा निधन भएको हो ।

उनी तत्कालिन गाउँ फर्क राष्ट्रिय अभियानका संयोजक, किसान संगठनका केन्द्रिय अध्यक्ष, जिल्ला पंचायतका सदस्य तथा राष्ट्रिय प्रजातन्त्र पार्टीका जिल्ला अध्यक्ष समेत रहेका थिए ।

पंचायतकालमा लामो समयसम्म विभिन्न पदमा रही विभिन्न सामाजिक संघसंस्थामा समेत आवद्ध भई समाजसेवा गर्दै आएका चौधरीका दुई छोरा र एक छोरी छन् ।

यसअघि उनको पार्थिव शरीर राप्रपाका जिल्ला सहअध्यक्ष बिनोद कुमार पाण्डेयले पार्टीको झण्डा ओढाई अन्तिम श्रद्धाञ्जली तथा सम्मान व्यक्त गरेका थिए ।

घरमा परम्परागत संस्कार सकेपछि उनको शवयात्रा चनौरा पडरियास्थित फुलवारीमा पुगेपछि जेठा छोरा अरुणले पार्थिव शरीरमा दागवत्ति दिएका थिए ।

राजविराज नगरपालिकाका प्रमुख शम्भुप्रसाद यादवले उनको निधनले विकास र सामाजिक सद्भाव चाहने सबैलाई क्षति भएको जनाएका छन् ।

# एकमहिला गरि ९ जना लागुऔषधसहित पक्राउ

**राजविराज**/सप्तरीमा एकसाता भित्र विभिन्न स्थानबाट एक महिलागरि नौं जनालाई प्रहरीले लागुऔषधसहित पक्राउ गरेको छ ।

जिल्लामा लागुऔषध सेवनकर्ता तथा कारोवारीहरु बढ्दै गएको अवस्थामा प्रहरीले अभियानको रुपमा सो कार्य निरुत्साहित गर्न लागिपरेको छ ।

यसैबीच प्रहरीले जिल्लाको राजगढ गाउँपालिकाबाट दुई यूवक लागुऔषधसहित पक्राउ गरेको छ । सीमापारि भारतबाट स.१प. ९८७८ नं. को मोटरसाइकलबाट आउँदै गरेका जिल्लाको बिष्णपुर गाउँपालिका वडा नं.४ निवासी २० वर्षिय राजेश कुमार गुप्ता र सोही वडा निवासी १९ वर्षिय सत्य देव खंगलाई चेकजाच गर्ने क्रममा लागुऔषध फेला परेको प्रहरीले जनाएके छ ।

उनीहरुका साथबाट नाइट्राभेट १० ट्याव्लेट ६ पत्ता ९० थान बरामद गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

यस्तै जिल्लाको डाक्नेश्वरी र सप्तकोशी नगरपालिका क्षेत्रबाट लागुऔषध कारोवारी र सेवनकर्ता एक महिलासहित पाँच जना पक्राउ गरेको छ ।

चेकजाचका क्रममा डाक्नेश्वरी नगरपालिका क्षेत्रमा प्रदेश-२-०३-००७प.७३१९ नम्बरको मोटरसाइकलमा सवार शम्भुनाथ नगरपालिका २ बस्ने २६ वर्षिय जिगेन्द्र साह र २० वर्षिय मो. सद्दाम लागुऔषधसहित पक्राउ परेका छन् । उनीहरुको साथबाट प्रतिबन्धित नेट्राभेट ३ सय ६० थान र गाजा २० ग्राम बरामद गरिएको डिएसपी भुवनेश्वर साहले जानकारी दिए ।

यस्तै सप्तकोशी नगरपालिका १ फत्तेपुरस्थित बसपार्क क्षेत्रबाट लागुऔषधसहित उदयपुरको त्रियुगा नगरपालिका १० बस्ने २१ वर्षिय निराजन रायमाझि र २७ वर्षिय बलराम दाहाल पक्राउ परेका छन् ।

उनीहरुको साथबाट निप्रोभेट १५ थान, स्पास्कोम २४ थान, डायलिक्स डिसी ५ र ओसारपोसारमा प्रयोग गरिएको बा.४८प.२५१ नम्बरको मोटरसाइकल समेत प्रहरीले बरामद

*बाँकी दुई पृष्ठमा*




# "कोभिशिल्ड" खोपको सुरुवात

**राजविराज**/नेपाल भरि बुधबारदेखी कोरोना बिरुद्धको खोप लगाउने अभियान सुरु भएपछि सोही दिन सप्तरीमा पनि सो अभियानको सुरुवात भएको छ ।

प्रदेश २ का सामाजिक विकास मन्त्री नवलकिशोर साहले स्थानिय गजेन्द्र नारायण सिंह अस्पतालमा आयोजित एक कार्यक्रमबीच अभियानको उद्घाटन गरेका हुन् ।

सो अवसरमा मन्त्री साहले खोप जिवनरक्षाका लागि सुरक्षित भएको भन्दै निर्धक्क भई लगाउन आग्रह समेत गरे । कार्यक्रममा गजेन्द्र नारायण सिंह अस्पतालका प्रमुख डा. रन्जित झाले कोही पनि खोप बारे भ्रममा नपर्न आग्रह गरे ।

सप्तरीमा राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पताल र रुपनी गाउँपालिकास्थित ठाकोदेबी जोगेन्द्र भगत प्रहरी अस्पतालमा गरि दुई स्थानबाट पहिलो चरणमा ३ हजार ७ सय ५४ जनालाई खोप लगाइदै छ ।

मन्त्री साहले अभियानको उद्घाटन गरेपश्चात् सो अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. रन्जित झालगायतका चिकित्सक, स्वास्थ्यकर्मी, एम्बुलेन्स र शववहानका चालक तथा स्वास्थ्य क्षेत्रमा कार्यरत कर्मचारी र सफाइकर्मीले खोप लगाएका थिए ।

जिल्लामा हालसम्म कोरोना संक्रमणले ज्यान गुमाउनेको संख्या ४१ रहेको छ भने १ हजार ८ सय ३० जना संक्रमित भएका छन् । संक्रमित सबै निको भई घर फर्किएपछि हाल संक्रमितको संख्या शुन्यमा झरेको छ ।

यता स्वास्थ्य मन्त्रालयले पहिलो चरणको खोप अभियान शुरु गरेको १० दिनभित्र सम्पन्न गर्ने लक्ष्य राखेको छ । यस चरणमा चार लाख ३० हजारलाई खोप प्रदान गरिने छ । कोभिशिल्ड खोप अक्सफोर्ड विश्वविद्यालय र एक्ट्राजेनिका नामक औषधि उत्पादक कम्पनीले संयुक्तरूपमा विकास गरेका हुन् । भारतको सेरम इन्स्टिच्युटले खोप उत्पादन गरेको हो । भारत सरकारको अनुदानमा यही माघ ८ गते १० लाख मात्रा उक्त खोप नेपाल आएको हो ।

## सम्पादकीय

# प्रहरीलाई जनताको सहयोग आवश्यक

अहिले सप्तरीमा दिनहुँ लागुऔषध सेवनकर्ता तथा कारोवारीहरु पक्राउ पर्ने क्रम बढ्दै गएको छ । जिल्लामा लागुऔषध प्रयोगकर्ता तथा करोवारी बढ्दै गएपछि प्रहरीले निगरानी समेत बढाएको छ । यता एक हप्ताको अवधीमा प्रहरीले महिलासहित ९ जनालाई सो कारोवारमा संलग्न रहेकालाई पक्राउ गरेको छ । यसरी जिल्लामा बढ्दै गएको लागुऔषधको प्रयोगलाई नियन्त्रण तथा निरुत्साहित गर्ने प्रहरीको अभियान सहानिय रहेको छ । यस्ता नकारात्मक कार्यले हाम्रो समाजमा रहेका बालबालिकाहरुलाई प्रत्यक्ष रुपमा प्रभावित पारिरहेको कुरामा दुईमत नहोला ।

यसरी समाजमा रहेको बिसंगति र बिकृतीलाई निरुत्साहित पार्न प्रहरीको एकल प्रयासले नभएर सम्पूर्ण स्थानियवासीको समेत सहयोग आवश्यक रहेको छ । यस अभियानलाई सफल पार्न स्थानियवासीले प्रहरीलाई सहयोग गर्नु आवश्यक रहेको छ । कुनै पनि बिकृतीले समाजमा नकारात्मक असर पार्ने भएकोले यसलाई जडैबाट समाप्त पार्न सबैले आ-आफ्नो स्थानबाट सहयोग गर्नु जरुरी रहेको छ ।

तसर्थ यस्ता कार्यमा प्रहरीसँग सहकार्य गर्न स्थानियवासीसँगै स्थानिय सरकारको समेत अहम भूमिका हुन्छ । त्यसैले स्थानिय सरकारले पनि यस्ता कार्यलाई निरुत्साहित पार्न विभिन्न दिर्घकालिन योजना तथा जनचेतनामूलक कार्यक्रमलाई अगाडी बढाउनु आवश्यक रहेको छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# क्यान्सरका बिरामीको उपचारमा सरकारी बेवास्ता



तीर्थराज अधिकारी

मानव शरीरमा कोषहरु निरन्तर वृद्धि भइरहन्छन् । अनियन्त्रित कोषको वृद्धिलाई क्यान्सर रोग भनिन्छ । यो रोग कसरी लाग्छ भन्ने अहिलेसम्म पत्ता लागेको छैन । तर समयमै रोग पत्ता लगाई उचित उपचार गरेमा कतिपय क्यान्सर रोग निको हुन्छ ।

संसारमा मृत्युको दोस्रो कारण क्यान्सर हो । ग्लोबल क्यान्सर अब्जेरभेटरीका अनुसार यो रोगबाट सन् २०२० मा मात्र ९९,५८,१३३ जनाको मृत्यु भएको छ भने यही वर्ष १,९२,९२,७८९ नयाँ क्यान्सरका बिरामी थपिएका छन् । नेपालमा गएको वर्ष १३,६२९ जनाको क्यान्सरका कारण ज्यान गएको छ भने सोही वर्ष २०,८०५ जना नयाँ क्यान्सरका बिरामी थपिएका छन् ।

नेपालमा सबैभन्दा बढी फोक्सोको क्यान्सर देखिएको छ । गएको वर्ष मात्र २,५०५ जना फोक्सोको क्यान्सरका नयाँ बिरामी देखिएका छन् । त्यस्तै दोस्रोमा गर्भासयरपठ्यघरको क्यान्सर देखियको छ ।

नेपालमा २,४४४ जना महिलामा गर्भासयको र १,५५२ स्तन क्यान्सर देखिएको हो । १,०९० जनामा कोलोरेक्टम र ११,१४४ जनामा अन्य क्यान्सर डाइगोनोसिस भएको देखिन्छ । गत वर्षको डाटा हेर्दा क्यान्सर रोग नेपलमा भयावह रुपमा रहेको छ । यो बाहेक डाइग्नोसिस नभएका बिरामी त्यत्तिकै संख्यामा रहेको अनुमान गर्न सकिन्छ ।

नेपालमा हाल डाइग्नोसिस भएका क्यान्सरका बिरामीले कुनै प्रकारको उपचार लिइरहेका छन् भने कतिपय बिरामी बिना डाइगोनोसिस मृत्यु हुने गरेका छन् वा बाँकी बिरामी उपचारको पहुँच बाहिर रहेका छन् । उपचार लिइरहेका बिरामीलेमध्ये करिब दस प्रतिशत बिरामीले मात्र गुणस्तरीय उपचार सेवा पाएका छन् ।

बिरामीले सहज उपचार नपाउनुको कारण नेपालमा स्रोत( साधनको कमी नभई सरकारी अकर्मण्यता हो । बिरामीको अनुपातमा क्यान्सर अस्पतालको संख्या निकै कम हुनु अर्को कारण हो । त्यस्तै भएका क्यान्सर अस्पतालहरु केन्द्रीकृत छन् ।

मुलुकको मध्य तथा पूर्वी भागमा क्यान्सर अस्पताल भए पनि पश्चिमी भागमा क्यान्सर डेडिकेटेड अस्पताल छैन वा भएका अस्पतालमा न स्रोत छ न त साधन नै ।

सरकारसँग पुँजी र स्रोत हुँदा पनि त्यसको सही परिचालन हुन नसक्दा नेपलमा आवश्यक क्यान्सर रोग अस्पताल बन्न सकेका छैनन् । सरकारी तवरबाट क्यान्सर जस्ता जटिल रोगको उपचार निदानको लागि आवश्यक नीति तर्जुमा गरी उपलब्ध स्रोत र साधन परिचन गरिनुपर्छ ।

नेपालमा सन् २०२० मा नयाँ थपिएका र गत वर्ष उपचार गरिरहेका बिरामीको संख्या तीस हजारभन्दा माथि छ । अस्पतालहरुमा उपचार गरिरहेका बिरामीहरुले गुणस्तरीय उपचार पाइरहेका छैनन् । करिब दसदेखि पन्ध्र प्रतिशत बिरामीले गुणस्तरीय उपचार पाउँछन् भने बाँकी ८५ प्रतिशत बिरामीले गुणस्तरीय उपचार पाउँदैनन् ।

अस्पतालहरुमा उच्च बिरामीको चापले गर्दा बिरामीलाई गुणस्तरीय उपचार सेवा प्रदान गर्न गाह्रो छ भने बिरामीको उच्च चापले गर्दा उपचार गुणस्तरमा ध्यान दिन सकिएको छैन । यस्तो अवस्थामा सरकारले हरेक प्रदेशमा एउटा क्यान्सर डेडिकेटेड अस्पताल खोल्यो भने उपचार गुणस्तर बढ्न सक्छ । तर सरकार र सम्बन्धित निकाय यति लाचार छ कि भएका अस्पतालमा पनि समयमै उपचार उपकरण उपलब्ध गराउन सक्दैन, आवश्यक कर्मचारी भर्ना गर्न सक्दैन ।

बाँकेस्थित सुशील कोइराला प्रखर क्यान्सर अस्पतालमा रेडियोथेरापी उपकरणको अभावमा रेडियोथेरापी सेवा सुरु गर्न सकिएको छैन । हालै स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सुशील कोइराला प्रखर क्यान्सर अस्पताल बाँकेमा रेडियोथेरापी उपकरण मेडिकल लिन्याक किन्न पहल गरेको छ । उक्त अस्पतालले क्यान्सर उपचारका रेडियोथेरापी सेवा बहेका सेवा सुरु गरिसकेको छ । अब चाँडै रेडियोथेरापी सेवा पनि प्रवाह गर्ने अपेक्षा गर्न सकिन्छ ।

पश्चिम क्षेत्रका बिरामीलाई त्यहाँ उपचार सेवा नहुँदा भरतपुर वा भक्तपुर धाउनु परिरहेको छ । बिरामीलाई पर्ने अप्ठेरोको बारेमा मन्त्रालय र सम्बन्धित निकायलाई थाहा नभएको भने होइन तर पनि अचम्म लाग्छ । किन अस्पतालहरुलाई समयमै उपकरण र दक्ष जनशक्ति उपलब्ध गराइँदैन होला !

क्यान्सरका बिरामीमध्ये करिब पचास प्रतिशत बिरामीको रेडियोथेरापी उपचार गर्नुपर्ने हुन्छ । अहिले क्यान्सर अस्पतालमा उपचार गरिरहेका बिरामीले समयमै रेडियोथेरापी सेवा पाउन सकिरहेका छैनन् ।

नेपालका गैरसरकारी क्यान्सर अस्पतालमा रेडियोथेरापी उपचार सामान्य नेपालीको पहुँच बाहिरको कुरा हो भने सरकारी अस्पतालहरुमा रेडियोथेरापी सेवा पाउन लामो समय कुर्नु परिरहेको छ ।

साधारणतयाः क्यान्सरका बिरामीको रेडियोथेरापी उपचार गर्ने निर्णय गरी सिटी सिमुलेसन गरिसकेपछि एक हप्ताभित्र उपचार पाइसक्नुपर्ने हुन्छ तर अहिले सरकारी अस्पतालहरुमा बिरामीले रेडियोथेरापी उपचार पाउन दुईदेखि तीन महिना कुर्नु परिरहेको छ ।

त्यस्तै पालिएटिभ उपचार गर्नुपर्ने बिरामीलाई तुरुन्त रेडियसन उपचार गर्नुपर्छ तर त्यस्ता बिरामीको समेत समयमै उपचार गर्न सकिएको छैन । यस्तोमा रेडियसन उपचारलाई प्राथमिक उपचारको रुपमा प्रोटोकल निर्माण गरी उपचार पद्दति विकास गर्न सकिएको छैन भने रेडियोथेरापी उपचारका अत्याधुनिक उपहार पद्दतिमा हामी जान सकेका छैनौं ।

क्यान्सर रोग जति पहिला डाइगोनोसिस भयो त्यति उपचार सजिलो हुन्छ । तर प्रायजसो क्यान्सर ढिला थाहा हुन्छ र उपचार गाह्रो हुन्छ । क्यान्सर रोग लागेको छिटो थाहा पाउनका लागि बिरामीलाई शंका लागेमा तुरुन्त सम्बन्धित अस्पताल गई चेक(जाँच गर्नुपर्छ ।

नेपालमा अर्ली क्यान्सर रोग पत्ता लगाउने प्रविधि हाल केही गैरसरकारी अस्पतालमा उपलब्ध छ । खासगरी न्युक्लियर इमेजिङ टेक्नोलोजीबाट अर्ली क्यान्सर रोग पत्ता लाग्छ ।

यो प्रविधिमा बिरामीलाई रेडियो फर्मास्युटिकल इन्जेक्ट गरी बिरामीबाट निस्किने रेडियो सिग्नललाई पुनर्संरचना गरी इमेज निकालिन्छ । बिरामीलाई रेडियो फर्मास्युटिकल इन्जेक्ट गर्दा त्यो बिरामीको शंकास्पद भाग गई बस्छ र त्यहीबाट निस्किने रेडियो सिग्नललाई पुनर्संरचना गरिन्छ र न्युक्लियर इमेज बन्छ ।

नेपालमा भरतपुरस्थित बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालमा न्युक्लियर इमेजिङ प्रविधि (पेट स्क्यान) भित्र्याउन भनी केही वर्षअघि नै टेन्डर आह्वान भएको थियो तर टेन्डर प्रक्रियामा नै विवाद हुँदा उक्त मेसिन कहिले आउँछ भन्ने अन्योल भएकोमा अहिले फेरि अस्पतालले प्रक्रिया अघि बढाएको छ । योसँगै उक्त अस्पतालले नयाँ अत्याधुनिक मेडिकल लिंक भित्र्याउने प्रक्रिया अन्तिम चरणमा रहेको छ ।

त्यस्तै बीर अस्पतालले पनि उक्त प्रविधि भित्र्याउने प्रक्रिया बढाएको छ । तर न्युक्लियर इमेजिङमा प्रयोग हुने रेडियो फर्मास्युटिकल कसरी उत्पादन गर्ने भन्ने अन्योल छ ।

नेपालले आफ्नै साइक्लोट्रन सञ्चालन गर्न आवश्यक हुन्छ । पेट स्क्यानमा प्रयोग हुने रेडियो फर्मास्युटिकल १८(एफडिजीको हाफ लाइफ एक सय दस मिनेट मात्र हुने हुँदा यसलाई भारत वा तेस्रो मुलुकबाट आयात गरी प्रयोग गर्न अप्ठेरो छ ।

हुन त, नेपालले आफ्नै साइक्लोट्रन सञ्चालन गर्ने प्रक्रिया अघि बढाएको छ जुन सराहनीय छ । तर सरकार तथा सम्बन्धित निकायले जनस्वास्थ्यको लागि साइक्लोट्रन सञ्चालन गर्न आवश्यक सहयोग पुऱ्याउनु पर्छ । सरकार र सम्बन्धित निकायले न्युक्लियर इमेजिङ प्रविधि सेवा सुचारुको लागि आइपर्ने व्यवधानलाई सहजीकरण गरिदिनुपर्छ ।

सरकारी अस्पतालमा आइएइएद्वारा उपलब्ध एस्पेक्ट सेवा पनि उपलब्ध गराउन नसक्नु दुखद हो । यसको कारण स्पेक्ट इमेजिङको लागि आवश्यक रेडियो फार्मास्युटिकल ९९(मेटास्टेसिस टेक्नेसिएम नहुनु हो ।

नेपालमा सरकारी निकायहरु जनस्वास्थ्यको लागि त्यति उत्तरदायी देखिँदैनन् । मुलुकको राजधानीको केन्द्रमा अवस्थित नेपालकै पुरानो सरकारी अस्पताल चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान वीर अस्पतालमा विगत पाँच वर्षदेखि रेडियोथेरापी सेवा बन्द रहेको छ । सेवा सुचारुको लागि अस्पताले अत्याधुनिक टोमोथेरापी मेसिन किनेको चार वर्ष बितिसक्दा पनि सेवा कहिले सुरु हुन्छ अनिश्चित छ ।

अस्पतालमा भएको ब्राकिथेरापी मेसिन बिना बिरामी उपचार थन्किएको छ । त्यस्तै सरकारी अस्पतालहरुमा भएका अत्याधुनिक रेडियोथेरापी मेसिनहरु फुलफेजमा सञ्चालन नहुँदा एकातर्फ बिरामीले समयमा उपचार पाएका छैनन् भने अर्कोतर्फ मेसिनको वारेन्टी समय पूर्णप्रयोग बिना नै सकिँदै छ ।

त्यस्ता अस्पतालले सम्बन्धित कर्मचारीलाई प्रोत्साहन गरी मेसिनलाई पूर्ण रुपमा चलाउनुपर्छ । यसबाट बिरामीले समयमै उपचार पाउने मात्र होइन, उपचार गुणस्तर पनि बढ्न जान्छ । (अधिकारी अन्तर्राष्ट्रिय मान्यताप्राप्त रेडियसन ओङ्कोलोजी फिजिसिस्ट हुन् ।) स्वास्थ्य खबरबाट

## एकमहिला गरि ...

गरेको छ । उनीहरुकै बयानका आधारमा लागुऔषधका कारोबारी कंचनरुप नगरपालिका ८ बस्ने २५ वर्षिया बबिता राउतलाई पनि प्रहरीले पक्राउ गरेको छ ।

राउतको घरबाट प्रहरीले नाइट्रसन ट्याब्लेट ४० थान, नाइट्राभेट ट्याब्लेट १५ थान, स्पामोप्रोक्सि ४० थान, डायल्याब ३ थान र लिजेसिक इन्जेक्सन ७ थानलगायतका प्रतिबन्धित लागुऔषध बरामद गरेको छ ।

यसैगरि प्रहरीले लागु औषधसहित सप्तकोशी नगरपालिका ८ निवासी २३ वर्षिय देवनारायण खंग र सोही नगरपालिका ४ बस्ने ३० वर्षिय सन्तोष खडकालाई पक्राउ गरेको छ ।

जिल्लाको तिलाठी कोईलाडी गाउँपालिका वडा नं. १ हनुमाननगरबाट तिलाठी भन्सार सडक खण्डमा प्रहरी टोलीले चेकजाच गर्ने क्रममा खंगका साथबाट डाइलेक्स २ बोतल, लिजेसिस इन्जेक्सन १५ एम्पुल, डाइजेपाम इन्जेक्सन २० एम्पुल, प्रोमेथाजिन हाइड्रोक्लोराइड इन्जेक्सन २५ एमजीको २१ एम्पुल र स्पास्मो प्रोक्सभोम प्लस २४ क्याप्सुल लगायतका लागु औषध बरामद भएको हो ।

लागु औषध बरामद भएपछि प्रहरीले सोधपुछ गर्दा खंगले सोही नगरपालिका ४ निवासी सन्तोष खड्काले भारतको कुनौली भन्सारबाट ल्याउन लगाएको जानकारी दिएपछि प्रहरीले सोही क्षेत्रमा खोजतलास गर्दा खडका समेतलाई पक्राउ गरेको जनाएको छ ।

साथै प्रहरीले भन्सार सडक खण्डमा रहेको स.९.प. १८२८ नं.को मोटरसाईकल समेतलाई नियन्त्रणमा लिई थप अनुसन्धान कार्य अगाडी बढाएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता एवं डिएसपी साहले जानकारी दिएका छन् ।

पक्राउ परेकाहरुलाई लागुऔषध मुद्दामा सोमबार सप्तरी जिल्ला अदालतबाट म्याद थप गराई आवश्यक अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# टेलिकमको उपकरण डकैती गर्ने चार पक्राउ



**राजविराज**/सप्तरीको सुरुङ्गा नगरपालिका २ हर्दियास्थित नेपाल टेलिकमको टावरमा जडान गरिएको ब्याट्रि डकौती गरि बिक्रि गर्ने चार जनालाई प्रहरीले पक्राउ गरि सार्वजनिक गरेको छ ।

सो डकैती घटनामा संलग्न मुख्य अभियुक्त सिरहाको लहान नगरपालिका १३ निवासी २२ वर्षिय राकेश यादव, चोरीमा प्रयोग गरिएको ना.४ख. ७२४६ नम्बरको मिनि ट्रकका मालिक लहान नगरपालिका ३ निवासी ३५ वर्षिय सूर्यनारायण महतोज, सोही वडा निवासी ३५ वर्षिय पवन जैसवाल र चोरीका उपकरण खरीद गर्ने सिरहाका गोलबजार नगरपालिका ४ बस्ने ४१ वर्षिय दिपक अग्रवाल पक्राउ परेका छन् ।

पुस २३ गते सुरुङ्गा नगरपालिका २ हर्दियास्थित शिवनारायण चौधरीको घरमा नेपाल टेलिकमले जडान गरेको जिसिएम मोबाइलको बिटिएस टावरको लाखौं मुल्य पर्ने एएच ब्याट्रि २४ थान, पावर केबुल ३५ एमएमको २० मिटर, अर्थिङ केबुल २५ मिटर लगायतका उपकरण र विद्युतीय सामाग्रि चोरी भएको थियो ।

कवाडी व्यवसायी रहेका अग्रवालको गोदामबाट चोरी गरिएका २४ मध्ये ७ वटा ब्याट्रि र केही उपकरण बरामद भएको तथा प्रहरीले चोरीको सामान ओसार पोसारमा प्रयोग गरिएको ना.४ख. ७२४६ नम्बरको ट्रक पनि नियन्त्रणमा लिएको पत्रकार सम्मेलनमा प्रहरी उपरिक्षक राजेन्द्र धमलाले जानकारी दिएका छन् ।

यता चोरी भएका अन्य १७ वटा ब्याट्रि तथा केही उपकरण ती समूहले भारत पुऱ्याई बिक्रि गरेको खुलेको र भारतीय प्रहरी अधिकारीसँग समन्वय गरि खोजिकार्य भइरहेको डिएसपी भुवनेश्वर साहले जानकारी दिए ।

अभियुक्त भनिएका राकेश यादवले टेलिकमका कर्मचारी भएको भन्दै ती सामानहरु ट्रकमा लोड गर्न लगाएको र अन्य दुई जनाले सघाएको अनुसन्धानको क्रममा खुलेको डिएसपी साहले बताए ।

# मोटरसाइकल लुटपाट र चोरी घटनामा संलग्न दुई पक्राउ

**राजविराज**/प्रहरीले मोटरसाइकल लुटपाट र चोरी घटनामा संलग्न दुई जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा सुरुङ्गा नगरपालिका ७ बस्ने २४ वर्षिय नन्दी पासवान र २१ वर्षिय राजकुमार साह छन् ।

कुशहा-बेल्ही सडकखण्डमा शुक्रबार शम्भुनाथ नगरपालिका ६ बस्ने अनिशकुमार चौधरीलाई कुटपिट गरि लुटिएका स.३प. ९१६९ नम्बरको मोटरसाइकल र केही नगद रुँपैयासमेत बरामद गरेको प्रहरीले जनाएको छ ।

पक्राउ परेका सबैलाई अहिले सप्तरी जिल्ला अदालतबाट १० दिन म्याद थप गरि डाका मुद्दामा आवश्यक कारवाही प्रक्रिया अघि बढाइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# वडा कार्यालयको उद्घाटन



**राजविराज**/राजविराज नगरपालिका वडा नं. ७को कार्यालय बिहीबार एक कार्यक्रमबीच उद्घाटन गरिएको छ ।

४० लाखको लागतमा निर्माण भएको सभा कक्षसहितको ५ कोठे भवनको नगरपालिकाका प्रमुख शम्भुप्रसाद यादवले शिलालेख पढेर उद्घाटन गरेका हुन् ।

कार्यालय भवन उद्घाटन गर्दै प्रमुख यादवले सेवाग्राहीहरुलाई सहज र सरल ढंगले सेवा प्रदान हुने बताउँदै नगरप्रमुख यादवले अनावश्यक खर्च घटाउनका लागि सबै वडा कार्यालयहरुका लागि क्रमिक रुपमा आफ्नै भवन निर्माण गरिदै लगिने नीति बनाइएको जानकारी समेत दिए ।

वडा अध्यक्ष माँगिलाल नाईको अध्यक्षतामा आयोजित कार्यक्रममा उपप्रमुख साधना झा, प्रमुख प्रसाकीय अधिकृत मदनबहादुर थापा, वरिष्ठ पत्रकार शिवहरि भट्टराई, नागरिक समाजका अध्यक्ष थानसिंह भंसालीलगायतले शुभकामना मन्तव्य दिएका थिए ।

यता १६ वटा वडा रहेको राजविराज नगरपालिकामा तीन वटा वडा कार्यालयको आफ्नै भवन निर्माण सम्पन्न भई संचालनमा आइसकेको छ भने चार वटाको निर्माण कार्य सम्पन्न भई छिट्टै संचालनमा आउने तयारीमा रहेको छ ।

# झुण्डिएको अवस्थामा निलमको शव फेला

**राजविराज**/राजविराज नगरपालिका ९ मलेठ निवासी एक महिला शनिबार बिहान आफ्नै कोठामा झुन्डिएको अवस्थामा फेला परेकी छिन् ।

मलेठको कोलहट्टा निवासी २७ वर्षिया निलमदेवी यादवको शव शनिबार बिहान ७ बजेतिर उनी सुत्ने कोठामा सिलिङ फ्यानमा झुन्डिएको अवस्थामा फेला परेको प्रहरीले जनाएको छ ।

मृतकको शव आवश्यक प्रक्रिया पुरा गरि पोष्टमार्टमका लागि गजेन्द्र नारायण सिंह अस्पतालमा पुऱ्याई घटनाको विषयमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कायालय सप्तरीका डिएसपी भुवनेश्वर साहले जानकारी दिए ।

बिहान आङणमै रहेको चुल्होमा खाना बसालेर कोठा भित्र छिरेकी उनी चुकुल लगाएर आत्महत्या गरेको हुनसक्ने स्थानियहरुको भनाई छ । धेरै बेरसम्म कोठा बाहिर नआएपछि छिमेकले प्रहरीलाई खबर गरेका थिए ।

बैदेशिक रोजगारीका सिलसिलामा बाहिर रहेका उनका पति रामचन्द्र केही दिनअघि मात्र घर फर्केका थिए । स्थानियवासीका अनुसार अघिल्लो राती काम विशेषले बाहिर गएका उनी शनिबार घर पुग्दा पत्नि कोठाभित्र झुन्डिएको थाहा पाएका थिए ।

सप्तरीको रुपनी गाउँपालिका २ रायपुर माइती भएकी निलमको चारवर्ष अघिमात्र रामचन्द्रसँग विवाह भएको थियो । दुई सन्तानकी आमा निलमले कुनै चिन्ताका कारण अचानक आत्महत्याको बाटो रोजेको हुनसक्ने स्थानियले अनुमान व्यक्त गरेका छन् ।

# फागुनको अन्तिम साता राष्ट्रिय भारत्तोलन प्रतियोगिता हुने

**राजविराज**/स्व. देवसुन्दर स्मृती प्रथम राष्ट्रिय भारत्तोलन प्रतियोगिता आउँदो फागुन महिनाको अन्तिम साता राजविराजमा हुने जनाइएको छ ।

भारत्तोलन संघ सप्तरीका अध्यक्ष समेत रहेका केन्द्रिय सदस्य महेश प्रसाद यादवले पत्रकार सम्मेलनको आयोजना गरि प्रतियोगितामा सात वटै प्रदेश तथा सेना, सशस्त्र र नेपाल प्रहरीका तीनवटै विभागिय टिमका झण्डै १ सय ५० महिला तथा पुरुष खेलाडीको सहभागिता रहने जानकारी दिएका छन् ।

प्रतियोगिता भब्यरुपमा सम्पन्न गर्न प्रचारप्रसार, आर्थिक संकलन, फिल्ड ब्यवस्थापन, स्वागत लगायत विभिन्न उपसमितिहरु समेत गठन गरिएको संघका सचिव गोपाल गुप्ताले जानकारी दिए ।

सप्तरीका पुराना भारत्तोलन खेलाडी एवं रेफ्रि राजविराज ९ निवासी स्व. देवसुन्दर यादवको स्मृती एवं सम्मानमा नेपाल भारत्तोलन संघ सप्तरीले सो प्रतियोगिताको आयोजना गर्न लागेको हो । उनको २०७६ कात्तिक १४ गते निधन भएको थियो ।

# छात्रासँग अभद्र व्यवहार गरेका शिक्षकमाथी कारवाही

**राजविराज**/सप्तरीको डाक्नेश्वरी नगरपालिकास्थित जनता माध्यमिक विद्यालयमा कार्यरत शिक्षक ओम प्रकाश यादवलाई एक छात्रासँग अभद्र व्यवहार गरेको पुष्टि भएसँगै कारवाही गर्ने निर्णय गरिएको छ ।

विद्यालयका प्राधानाध्यापक राजकुमार झाको अध्यक्षतामा मंगलबार बसेको शिक्षक र कर्मचारीहरुको बैठकले पीडित छात्रासँग अभद्र व्यवहार गरेको पुष्टि भएपछि नियमानुसार कार्वाही अगाडि बढाउने निर्णय गरेको हो ।

गत सोमबार विद्यालय संचालनमै रहेका बेला चौथो घण्टिमा उक्त विद्यालयको कक्षा आठमा अध्यनरत ती छात्रासँग निमावि तहका शिक्षक यादवले अश्लिल एवं अभद्र व्यवहार गरेको पीडित छात्राको वयानको आधारमा कारवाही अगाडि बढाउने निर्णय गरिएको विद्यालयका प्रअ झाले जानकारी दिए ।

बैठकमा डाक्नेश्वरी नगरपालिका वडा नम्बर ३ का वडा अध्यक्ष प्रदिपकुमार साह, नगरपालिकाका शिक्षा अधिकृत कृष्ण कुमार यादव, प्रहरी चौकी पातोका देव कुमार झा,, समाजसेवी ओम प्रकाश यादव, धुव्र नारायण चौधरी, नवीन कुमार राय, रामा पासमान, प्रमोद कुमार साह लगायतको उपस्थिती रहेको थियो ।


## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो ।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छ्यु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन् ।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छ्यु गर्दा मुख छोप्नुपर्छ । मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ । कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं ।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ । यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ ।
- भिडभाडमा जानु हुँदैन र अरूलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस ।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस् ।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न नि:शुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# नेपाली कांग्रेसभित्रको अन्योलता



**निमिष झा**

नेपाली काँग्रेसले फागुन ७ गते पार्टीको १४औं महाधिवेशन गर्ने निर्णय गरिसकेको छ तर महाधिवेशन होला न होला अनिश्चित छ। संसद विघटनपछि यो मुद्दामा नेताहरु बोल्नै छाडेका छन्। तय मितिमा महाधिवेशन नहुने पक्का भइसकेको छ। फागुनमा महाधिवेशन सम्भव नभएपछि २०७८ जेठ या भदौलाई नयाँ मितिको बहस भइरहेको बेला प्रधानमन्त्री केपी ओलीले प्रतिनिधिसभा विघटनको घोषणा गरेसँगै कांग्रेस अलमलमा परेको देखिन्छ।

गत वर्ष पुस ११ गते पार्टीको महाधिवेशन २०७६ फागुन १९ भित्र सम्भव नहुने र महाधिवेशन गर्न नसकेको अवस्थालाई नै असामान्य परिस्थिति घोषणा गर्दै एक वर्ष म्याद थपेको थियो। पार्टीले एक वर्षको म्याद थपे पनि महाधिवेशनको अन्योलता यस वर्ष पुस ५ गते संसद विघटनको दिनसम्म कायमै थियो।

प्रधानमन्त्री केपी ओलीले संसद विघटन गरेपछि काँग्रेस भित्र महाधिवेशनको चर्चा नै हराएको छ। यसअघि पनि गत वर्ष चैत ११ देखि कोरोना महामारीको त्रास रोक्न लकडाउन लागेपछि पनि महाधिवेशनको चर्चा सेलाएको थियो। लकडाउनपछिका दिनहरुमा जिल्ला-जिल्लामा पार्टी प्रवेशसहितका कार्यक्रम सञ्चालन भए पनि महाधिवेशनको कार्यासूचीमा प्रवेश गर्न नसक्दा पटक-पटक कार्यतालिका परिवर्तन हुँदै आइरहेको छ। गत वर्ष थपिएको म्याद पनि आगामी फागुन १९ देखि समाप्त हुँदैछ। कांग्रेसको विधानअनुसार अब म्याद थप्ने बाटो बाँकी छैन। आगामी फागुन ७ देखि १० गतेसम्म काठमाडौंमा हुने भनिएको १४ औं महाधिवेशन पनि अनिश्चय बनेको छ।

कोरोनाको त्रास र संक्रमण केही कम भएर पार्टी भित्र महाधिवेशनको दबाब बढे पनि प्रतिनिधिसभा विघटनपछि कांग्रेस पुनः आन्दोलन केन्द्रित हुँदा महाधिवेशनको कार्यसूची नै हराएको छ। त्यसैले कांग्रेसको विधानअनुसार महाधिवेशन सम्भव नहुने भएपछि संविधानको सहारा लिनुपर्ने अवस्था छ।

प्रतिनिधिसभा विघटन असंवैधानिक भनेर कांग्रेसले सडक संघर्षको बाटो रोजेको छर। उसले दोस्रो चरणको आन्दोलन पनि घोषणा गरिसकेको छ। उता संसद विघटनको मुद्दा अदालतमा प्रवेश गरिसकेको अवस्थामा सभापति शेरबहादुर देउवा आन्दोलन नगर्ने मनस्थितिमा छन् तर चौतर्फी दबाबले घेरिएपछि आन्दोलनमा जान सहमत भएका हुन। यद्यपी काँग्रेस भित्र आन्दोलन कि संसद पुनर्स्थापना भन्ने विषयमा नेताहरु विभाजित छन्। सभापति देउवा अदालतबाट संसद ब्युँतिने आशमा छन भने वरिष्ठ नेता रामचन्द्र पौडेल र पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौलासहितका नेताहरू आन्दोलन गर्नुपर्ने बताइरहेका छन्। पौडेलले संसद पुनःस्थापनाले मात्रै असंवैधानिक कदम नसच्चिने भन्दै नेतृत्वलाई आन्दोलनतिरै तान्न दबाब दिइरहेका छन्। संसद् पुनःस्थापना नहुने र निर्वाचन पनि नगराउने परिस्थितिको आकलन गर्दै सिटौलाले पार्टीलाई दोधारमा नराखेर तत्काल आन्दोलनका लागि तयार हुनुपर्ने बताउँछन्।

आन्दोलनमा जान तयार भए पनि संसद पुनःस्थापनाको मुद्दा उठाउन भने सभापति देउवा हच्चेका छन्। उनको असहमतिकै कारण पार्टीले संसद पुनःस्थापनाको विषय केन्द्रीय समितिको निर्णयमा उल्लेख गरिएको छैन। 'असंवैधानिक र अलोकतान्त्रिक कदमविरुद्धको आन्दोलन भन्नुको अर्थ त्यसलाई सच्याउनु हो। त्यो भनेको संसद पुनःस्थापनाकै लागि हुने आन्दोलन हो। अदालतलाई पनि हाम्रो यही अपिल छ,' काँग्रेस केन्द्रीय समितिको बैठकमा पौडेलले भनेका थिए। सिटौलाले प्रधानमन्त्री केपी ओलीको पार्टी संगठनतिरको ध्यान, निर्वाचन आयोगको तयारीलगायतले वैशाखमा निर्वाचन हुने र संसद पुनःस्थापनासमेत नहुने अवस्थाले राजनीतिमा कालो बादल मडारिरहेको आफूले देखेको बैठकमा बताए।

'निर्वाचन हुने नै भयो भने आन्दोलनलाई त्यतैतिर डाइभर्ट गरौंला तर अहिले आन्दोलनको विकल्प छैन। आन्दोलनले पार्टीको संगठन पनि बनाउँछ। संविधान र राजनीतिक व्यवस्थालाई बचाउने काम पनि गर्छ,'बैठकमा सिटौलाको भनाइ थियो।

प्रधानमन्त्री केपी शर्मा ओलीले संविधानमै नभएको अधिकार प्रयोग गरेर प्रतिनिधिसभा विघटन गरेको यतिका दिन बित्दा पनि पुनःस्थापना कि निर्वाचन भन्नेमा कांग्रेस दोधारमा छर। संसद विघटनपछि पुस १३ गते कांग्रेसले १ सय ६५ निर्वाचन क्षेत्रमा विरोध प्रदर्शन गऱ्यो तर उक्त विरोध प्रदर्शनमा पनि पार्टी नेताहरूको समान धारणा रहेको थिएन। सभापति देउवा र उनीपक्षीय धेरैजसो नेता संसद पुनःस्थापनाको विपक्षमा उभिए भने संस्थापनइतर नेताहरू पुनःस्थापनाको पक्षमा देखिए।

सभापति देउवा निकट नेताहरुकाअनुसार प्रतिनिधिसभा विघटनविरुद्ध परेको रिटमा सर्वोच्च अदालतले र नेकपाको पार्टी विभाजनसम्बन्धी विवादमा निर्वाचन आयोगले निर्णय नदिएसम्म पर्खनुपर्ने पक्षमा उनी छन्। जबकी पौडेले पक्षको जोड प्रतिनिधिसभा पुनःस्थापनालाई प्राथमिकतामा राखेर सडक संघर्षमा जानुपर्नेमै छ। अदालतले विघटनलाई सदर गरेपछि मात्रै निर्वाचनको मुद्दा कांग्रेसले बोक्नुपर्ने मत पौडेलको छ। विघटनको विरोधमा रहेको नेकपाको दाहाल-नेपाल समूहसमेत निर्वाचनको तयारीमा अघि बढिसकेकाले कांग्रेस निर्वाचनबाट भाग्न नसक्ने नेताहरुको भनाइ छ।

'अदालतले पुनःस्थापना गरे पनि ठीकै भयो, विघटनलाई सदर गरेमा हामी निर्वाचनकै लागि तयारी गर्ने हो, त्यतिबेला निर्वाचन सुनिश्चितताका लागि सडकमा निस्कनुपर्ने हुन सक्छ' सहमहामन्त्री प्रकाशशरण महतले भने। प्रतिनिधिसभा विघटन, अध्यादेशबाट संवैधानिक परिषदमा पदाधिकारी नियुक्ति सिफारिस र कामचलाउ सरकारको मन्त्रिपरिषद् विस्तारजस्ता असंवैधानिक कदमलाई लिएर सडकमा जानुपर्ने पौडेलनिकट नेता नवीन्द्रराज जोशीको मत छ।

निर्वाचन क्षेत्रमुखी विरोध प्रदर्शन गर्नु आफैंमा चुनावी तयारी भएको संस्थापन पक्षका नेताहरूको तर्क छ। तर पार्टीभित्रको एउटा खेमाको दबाब र बाहिरी जनमतसमेत विरोधमा भएकाले आफ्नो अनुकुलको निर्णय गराउन देउवालाई अप्ठ्यारो परेको छ। पार्टी नेतृत्वलाई तीव्र दबाब दिन अरू नेताहरूले पनि नसक्दा परिस्थितिजन्य रूपमा आइपरेको एजेन्डासमेत कांग्रेसले बोक्न सकेको छैन। निर्वाचनमा जाँदा कांग्रेसलाई फाइदा हुनसक्छ तर त्योभन्दा ठूलो संविधान र लोकतन्त्रको एजेन्डा हो। यो एजेन्डा पनि अहिले दाहाल-नेपाल समूह र नागरिक समाजको बन्न पुगेको छ। कांग्रेस यो एजेन्डा लिन पूर्णतः चुकेको छ।

सभापति देउवाको भित्री चाहना प्रतिनिधिसभा पुनःस्थापनातिर छैन। प्रधानमन्त्री ओलीले गरेको प्रतिनिधिसभा विघटनलाई साथ दिएर मुलुकलाई निर्वाचनतिर जान सके फेरि पनि सत्ता र पार्टी नेतृत्वको सिँढी चढ्न सकिन्छ भन्ने ठानेरै देउवाले जानीबुझीकनै पार्टीलाई अलमल्याइराखेको विश्लेण गरिन्छ। निर्वाचनको बहानामा पार्टीको महाधिवेशन पनि लम्ब्याउन सकिने दाउमा देउवा छन्।

विघटनको विषय अदालतमा प्रवेश गरिसकेकाले बोल्न नहुने देउवाको धारणा छ। स्वतन्त्र न्यायपालिकाको निर्णयप्रति पार्टीले जहिल्यै सम्मान गर्ने र निर्णय मान्ने र प्रतिनिधिसभा पुनःस्थापनाको विषय उठाउँदा अदालतलाई प्रभाव पार्ने काम हुने देउवाको भनाइ छ।

जानकारहरुका अनुसार प्रधानमन्त्रीले गरेको संसद विघटनको सिफारिस र राष्ट्रपतिले गरेको अनुमोदन संविधानसम्मत छैनर। संविधानविपरीतका यी कदमलाई संविधान र लोकतन्त्रको दृष्टिकोणले काँग्रेसले धारणा बनाउनुपर्छ।

प्रतिनिधिसभा विघटनलाई असंवैधानिक र अलोकतान्त्रिक पनि भन्ने तर सच्याउने बाटो के हो भन्नेबारेमा पार्टीले स्पष्ट लाइन काँग्रेसको छैन। पार्टीले निर्वाचनको सुनिश्चिताका लागि दबाब दिनुपर्छ या प्रतिनिधिसभा पुनःस्थापना भनेर स्पष्ट अडान लिएर सडक संघर्ष आउनुपर्छ। तर अहिले पुनःस्थापना र सडक संघर्ष दुबै रोजे पनि नेतृत्व अलमलमा छ।

आम जनमत विरोधमा भएकाले निर्वाचनमा जाने हो पनि भन्न नसक्ने र प्रतिनिधिसभा पुनःस्थापनाबारे बोल्नै हुँदैन भन्ने दोधारे चरित्र नेतृत्वमा देखिएको छ।

ओलीको कदमलाई असंवैधानिक भनेर सडक संघर्षमा जाने तर त्यसलाई निर्वाचनको 'वार्मअप' मा परिणत गर्ने देउवाको योजना छ। प्रधानमन्त्री ओली र उनको समूहबाहेक सबैले यस कदमलाई असंवैधानिक भनिसकेको छ। समाजका सबै वर्ग प्रतिनिधिसभा पुनःस्थापनाको मुद्दा उठाइरहेका बेला कांग्रेसले अदालतमा प्रवेश गरेको विषयमा बोल्नु हुन्न भन्नु आफैमा तर्कहीन विषय हो। संविधान र प्रजातन्त्रका लागि लडेको कांग्रेसले यसको रक्षाका लागि पनि दह्रो साथ खुट्टा टेक्नुपर्छ। पार्टीलाई पुनर्ताजगीका लागि परिस्थितिले कांग्रेसलाई ठूलो एजेन्डा दिएको छ। यो ऐतिहासिक अवसरलाई समात्न कांग्रेस चुकिसकेको छ। संविधान, लोकतन्त्र र सिद्धान्तको पहरेदार हुनुपर्ने कांग्रेसले आफ्नो पहिचान पनि गुमाउन लागेको छ।

नेता एनपी साउदले भने,'संसद पुनःस्थापनाको एजेन्डा पार्टीको हुँदै होइन। बहुमतको सरकारले काम गर्न सकिन भनेर निर्वाचनमा जान्छु भन्दा प्रतिपक्षले पुनःस्थापना हुनुपर्छ भन्न मिल्दैन।'

उता कांग्रेस सहमहामन्त्री सुनिलबहादुर थापा कांग्रेस चुनावबाट नभाग्ने बताउँछन्। 'लोकतान्त्रिक शक्ति चुनावबाट पछि भाग्दैन। सर्वोच्च अदालतले चुनावमा जानू भन्ने निर्णय गरेमा त्यसलाई कांग्रेसले सहर्ष स्वीकार गर्छ', थापाले भने। काँग्रसका केन्द्रीय नेतृत्व पुनःस्थापना कि निर्वाचनमा जसरी विभाजित छन् त्यसै गरी प्रदेशहरुमा पनि पार्टी अलमल रहेको छ। सभापति देउवाको भूमिका प्रस्ट नभएकाले पनि निर्णयमा पुग्न कठिनाइ परेको नेताहरूको भनाइ छ। ओलीको संसद् विघटनको कदमलाई बाहिर असंवैधानिक भने पनि भित्रभित्रै देउवाले साथ दिइरहेको पार्टीभित्रै कतिपय नेताहरूले दाबी गरेका छन्।

संसद पुनर्स्थापना हुनुपर्छ भनेर नेकपाको प्रचण्ड-नेपाल समूह, जसपालगायतका दलहरु प्रष्ट छन्। जसपाले पुस २५ गतेदेखि माघ ७ सम्म दोस्रो चरणको कार्यक्रम घोषणा पनि गरेको छ। जसपाको सडक संघर्ष प्रतिनिधिसभा पुनःस्थापनामै केन्द्रित छ। विघटनविरुद्ध २३ दल तथा संगठनले पनि सडक संघर्षमा उत्रेको छ।

नेकपाको ओली समूह बाहेकका दल संसद विघटनविरुद्ध मैदानमा उत्रिएपछि काँग्रेसको अन्योलताबाट सबै चकिन छन्। देउवा पक्षीय अधिकांश नेता अदालतको फैसलापछि काँग्रेसले नीति निर्धारण गर्नुपर्ने पक्षमा उभिए पछि पार्टी भित्र दोधारको अवस्था सृजना भएको छ।

संसद विघटनपछि पार्टीमा देखिएको अन्योलता चिर्न नेतृत्व पूर्णतः असफल भएको छ। पूर्वराजा ज्ञानेन्द्रले संसद विघटन गर्दा तत्कालीन सभापति गिरीजाप्रसाद कोइरालाले एकसूत्रीय माग राखेर संसद पुनर्स्थापनाको पक्षमा उभिएका थिए। तत्कालीन समयमा गिरीजाप्रसाद कोइरालाले देखाएको शाहस र पहलकदमी सभापति देउवाले पनि देखाउनुपर्ने आम काँग्रेस नेताहरुको मत छ। *(मधेश दर्पण फिचर सेवा)*


## खाद्य उद्योगी किराना पसल सञ्चालक एवं होटेल, मिठाई पसल रेष्टुरेन्ट सञ्चालकमा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराजको अनुरोध

१. खाद्य पदार्थ एवं तैयारी खानेकुरालाई छोपेर राख्नुहोला एवं पूर्ण लेवल विवरण भएको पदार्थ प्रयोग गर्नु होला।
२. बासी सडेगलेका एवं झिंगा भनकेका खानेकुराहरू नबेच्नु होला।
३. पकाउनु पर्ने वा तारेर खाने कुनै पनि खानेकुरामा रंगको प्रयोग नगर्नुहोला।
४. तेलको प्रयोगमा सावधानी अपनाउनु होला साथै एउटै तेललाई पटक-पटक प्रयोग नगर्नुहोला।
५. मिठाईमा हाईड्रो जस्ता अखाद्य रंग प्रयोग नगर्नुहोला।
६. पिउने पानीलाई स्वच्छ र सफा तरिकाले राख्नुहोला।
७. खाद्य पदार्थ तैयार गर्ने र बाँड्ने ब्यक्तिको आफ्नो ब्यक्तिगत सर-सफाईमा ध्यान दिनु होला।
८. किराना पसल सञ्चालकहरुले ब्याच नम्बर उल्लेख नभएको उत्पादन मिति, उपभोग्य मिति सकेको खाद्य पदार्थ बिक्री वितरण नगरौं।
९. खाद्य उद्योगीले खाद्य अनुज्ञापत्र लिई मात्र उत्पादित खाद्य पदार्थ बिक्री वितरण गर्नुहोला।
१०. मासु ब्यवसायीले अखाद्य रंगको प्रयोग नगर्नुहोला।

गुनासोका लागि
खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराज, सप्तरी
०३१-५२२५२३

# आरोप फिर्ता लिएर निर्वाचनमा सहभागि भए मात्र प्रचण्ड-नेपालको भविष्य सुनिश्चित हुन्छ : उपप्रम पोखरेल




**राजविराज**/उपप्रधानमन्त्री ईश्वर पोखरेलले आगामी निर्वाचनमा उम्मेदवारीका लागि नेकपाका अध्यक्ष समेत रहेका प्रधानमन्त्री केपी ओलीद्वारा हस्ताक्षरित पत्र नै आधिकारीक हुने दाबी गरेका छन् ।

नेकपा सप्तरी (ओली समूह) द्वारा मंगलबार राजविराजस्थित राजरंगशालामा आयोजित बृहत कार्यकर्ता भेलालाई सम्बोधन गर्दै उनले सो दाबी गरेका हुन् ।

उनले पार्टी फुटाउन प्रयास गरेका प्रचण्ड र नेपाललाई प्रधानमन्त्री ओलीमाथी लगाइएको निराधार आरोप फिर्ता लिई आगामी निर्वाचनमा सहभागि हुन आह्वान समेत गरे । उनले भने, "आरोप फिर्ता लिई मिलेर निर्वाचन जान तयार भए उहाँहरुको भविष्य पनि सुनिश्चित हुन्छ ।"

निर्वाचन आयोगले हालै गरेको निर्णयबाट प्रथम अध्यक्ष केपी ओली, द्वितीय अध्यक्ष प्रचण्ड र महासचिव विष्णु पौडेल रहेको पार्टी नै आधिकारीक हुने भन्दै उनले आफूहरुको पार्टीले नै चुनाव चिन्ह सूर्य छाप पाउने विश्वस्त रहेको बताए ।

मैथिली भाषामा सम्बोधन गर्नुहुँदै उनले राजविराजमा वरिष्ठ गणतन्त्रवादी नेता स्व. रामराजा प्रसाद सिंहको नाममा स्थापना हुने रामराजा स्वास्थ्य विज्ञान प्रतिष्ठानको शिलान्यास प्रधानमन्त्री ओलीबाटै चाडै हुने जानकारी पनि दिदै राजविराज औद्योगिक क्षेत्रको स्तरोन्तरीका लागि पनि सरकारले तयारी गरिरहेको बताए ।

सोही सभामा सहरी विकास मन्त्री प्रभु साहले प्रचण्ड पद बिना एक मिनेट पनि बाच्न नसक्ने स्वभावका रहेको भन्दै सत्ता र पदकै लागि पार्टी फुटाउने षडयन्त्रमा लागेको आरोप लगाए ।

नेकपा सप्तरी (ओली समूह) का संयोजक ताराकान्त चौधरीको अध्यक्षतमा आयोजित बृह भेलालाई कानु मन्त्री लिलानाथ श्रेष्ठ, महिला बालबालिका मन्त्री जुली महतो, राष्ट्रिय सभा सदस्य सुमनराज प्याकुरेल, प्रदेश २ का इन्चार्ज सत्यनारायण मण्डल, सचिवालय सदस्य रघुबिर महासेठ, केन्द्रिय सदस्य सुखराम यादव, रन्जु ठाकुर, ज्वाला साह लगायतले पनि सम्बोधन गर्दै प्रधानमन्त्री ओलीको कदमको बचाउ गर्दै आगामी निर्वाचनमा दुई तिहाई बहुमत ल्याउने दाबी ग–रे ।

यसअघि राजविराजमा आयोजित सभालाई सम्बोधन गर्न राजविराज प्रवेश गर्न लागेका मन्त्रीहरुलाई अनेरास्ववियु सप्तरीले कालो झण्डा देखाएको छ । राजविराज प्रवेश गर्दै गर्दा मन्त्रीहरुलाई अनेरास्ववियु सप्तरीका विद्यार्थी नेताहरुले कालो झण्डा देखाएका थिए ।

## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आबश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५_६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| विगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | धाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
**मोवाईल नं. ९८५२८२०९३५**

## अन्तर्राष्ट्रिय समाचार

### हजारौं रोहिंग्या शरणार्थी विवादास्पद टापूमा स्थानान्तरण गरिए

**बङ्गलादेश**/बङ्गालको खाडी नजिकै रहेको एक विवादास्पद टापूमा करिब एक हजार ७५० रोहिंग्या शरणार्थीलाई सारेको बङ्गलादेशका अधिकारीहरूले शुक्रबार बताएका छन् । उक्त टापू सुरक्षाका दृष्टिले जाखिमयुक्त रहेको भनी कतिपय शरणार्थीले बताइरहेको समयमा बङ्गलादेशले शरणार्थी स्थानान्तरण गरिएको हो ।

म्यानमारको सीमानामा रहेको बङ्गलादेशको कोक्स बजारस्थित शिविरबाट शुक्रबार र शनिबारमा करिब तीन हजार शरणार्थीलाई स्थान्तरण गर्न लागिएको सरकारी अधिकारीले पुष्टि गरेका छन् । मानव अधिकारवादी समूहले दाबी गरेजस्तै शरणार्थीलाई स्थानान्तरण गरी लग्न लागिएको भसन चार टापूमा कुनै समस्या नरहेको सरकारी अधिकारीको भनाइ रहेको छ ।

सन् २०१७ मा भएको बौद्धमार्गी तथा मुसलमान समुदायबीच झडप भएको भन्दै म्यानमारको सेनाले चलाउको कारबाहीपछि रखाइन राज्यलगायतका स्थानका अल्पसङ्ख्यक मुसलमान समुदायबाट विस्थापित बनी करिब १० लाख रोहिंग्याहरू खासगरी बङ्गलादेश, भारत, नेपाल, मलेसिया, इन्डोनेसियालगायत स्थानसम्म पुगेको संयुक्त राष्ट्र संघीय मानव अधिकार मामिला निकायको तथ्याङ्क रहेको छ ।

बङ्गलादेश सरकारले करिब एक लाख शरणार्थीलाई बङ्गालको खाडी नजिक रहेको भसन चार टापूमा बनाइएको शिविरमा सार्ने बङ्गलादेश सरकारको योजना रहेको छ । एजेन्सी

### माल्दिभ्समा पनि कोरोनाविरुद्धको खोप कोभिशिल्ड लगाउन अनुमति

**माले**/कोरोनाविरुद्धको खोप कोभिशिल्ड लगाउन माल्दिभ्स सरकारले पनि अनुमति दिएको छ । माल्दिभ्स खाद्य तथा औषधी प्राधिकरण (एमएफडीए)ले भारतको सेरम इस्टिच्युटमा बनाइएको खोप लगाउन अनुमति दिने निर्णय गरेको हो ।

स्थानीय सञ्चार माध्यमहरूले शुक्रबार सम्प्रेषण गरेको समाचार अनुसार अत्यावश्यक तथा आपतकालीन अवस्थामा मात्रै सो खोप लगाउन अनुमति दिइएको हो । खोप विकास गरेका कम्पनीहरुले नै कोभिशिल्ड खोप आपतकालीन अवस्थामा मात्रै लगाउनु पर्ने बताएकाले आपतकालीन अवस्थाका लागिमात्रै स्विकृति दिइएको एमएफडीएले जनाएको छ ।

त्यसैगरी १८ बर्षभन्दा कम उमेरका व्यक्ति र गर्भवती महिलालाई पनि यो खोप लगाउन नहुने चिकित्सकहरूले बताएका छन् । कोभिशिल्ड खोप लगाएका व्यक्तिमा फरक फरक खालको अप्रत्यक्ष असरहरु देखिन सक्ने र यसबाट डराउन भने नपर्ने चिकित्सकहरुको भनाइ छ ।

माल्दिभ्सलाई यही जनवरी २० मा भारतले एक लाख खोप दिएको छ । भारतले अन्य छिमेकी देशहरुलाई पनि उच्च प्राथमिकताका साथ खोप सहयोग प्रदान गरेको छ । एजेन्सी

### संसद् अधिवेशको पूर्वसन्ध्यामा म्यानमारका सांसदलाई कोरोनाको खोप

**याङगुन**/म्यानमारका सांसदहरुलाई शुक्रबार कोरोनाभाइरस विरुद्धको खोप लगाइएको छ । संसद् अधिवेशनको पूर्व सन्ध्यामा दुबै सदनका सबै सांसदलाई खोप लगाउने सरकारी निर्णय अनुसार खोप लगाइएको हो ।

उनीहरुलाई भारतको सेरम इन्स्टीच्युट्ले उत्पादन गरेको कोभिशिल्ड खोप उनीहरुलाई लगाइएको अधिकारीहरुले जानकारी दिएका छन् । म्यानमारमा हालै निर्वाचन भएर सांसदहरु निर्वाचित भएका हुन् भने अर्को हप्ता पहिलो संसद् अधिवेशन शुरु हुन लागेको हो ।

सांसद बाहेक संसद्मा खटिने सुरक्षाकर्मी तथा अन्य कर्मचारी र पदाधिकारीलाई समेत शनिबार कोरोना विरुद्धको खोप लगाइने भएको छ । अग्रमोर्चामा काम गर्ने स्वास्थ्यकर्मी, स्वयमसेवीलगायतलाई भने बुधबारदेखि नै खोप लगाउन थालिएको थियो ।

म्यानमारले देशभरी सबै अत्यावश्यकपर्ने र उच्च जोखिममा रहेकालाई लगाएपछि आम नागरिकलाई कोरोना विरुद्धको खोप लगाउने तयारी गरेको छ । म्यानमारको प्रतिनिधिसभा बैठक आगामी सोमबार बस्ने तय भएको अधिकारीले जनाएका छन् । एजेन्सी

# फ्रिभिसा, फ्रिटिकट पूर्णहरुपमा कार्यान्वयन गर्नलगायत पाँच बुँदे मागसहित ज्ञापन




**राजविराज**/फ्रिभिसा, फ्रिटिकट पूर्णहरुपमा कार्यान्वयन तथा बिदेशबाट मृतकको लाश तदारुकताका साथ ल्याउनका लागि पहल गर्न लगायत पाँच बँदे मागसहित आप्रवासी कामदार हकहित संरक्षण केन्द्र सप्तरीले प्रधानमन्त्रीलाई ज्ञापन पत्र बुझाएको छ।

आप्रवासी कामदार हकहितसंरक्षण केन्द्रकी निमित्त अध्यक्ष गोमा आचार्यको नेतृत्वमा बुधबार राजविराजमा निकालिएको र्‍यालीसहितको जुलुसले जिल्ला प्रशासन कार्यालय सप्तरीमार्फत सो ज्ञापनपत्र बुझाएको हो।

बुझाइएको ज्ञापन पत्रमा बैदेशिक रोजगार व्यवसायीहरुबाट भइरहेको ठगिलाई नियन्त्रण गर्न तथा बैदेशिक रोजगार विभागबाट भइरहेको अनुगमनलाई तिब्रता प्रदान गर्न पनि उल्लेख छ।

यस्तै बीमा कम्पनिहरुले मृतक परिवारलाई प्रदान गरिने बिमित रकम भुक्तानी दिने क्रममा इच्छा विपरीत सबै प्रिमियम एकै पटकमा असुल गरि पाँच लाखसम्मका बीमा गराईरहेकोले यसरी बिमाको नाममा ठगि गर्ने काम अविलम्ब बन्द गर्न र यस्ता अवाञ्छित क्रियाकलाप गरिसकेका बिमा कम्पनिहरुबाट सम्बन्धित व्यक्तिलाई रकम फिर्ता गराउन र कारवाही गर्न ज्ञापनमार्फत माग गरिएको छ।

त्यस्तै कोभिड तथा अन्य कारणले बैदेशिक रोजगारीमा अलपत्र परेकाहरुलाई अविलम्ब उद्धार गर्न माग गरिएको छ।

सहायक प्रमुख जिल्ला अधिकारीलाई बुझाइएको ज्ञापनपत्र प्रधानमन्त्रीको कार्यालयका साथै श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र बैदेशिक रोजगार विभागलाई समेत बोदार्थ गरिएको छ।

# दुर्घटनामा एक बालसहित दुईको ज्यान गयो, दुई जना घाइते

**राजविराज**/सप्तरीको छुट्टाछुट्टै स्थानमा भएको सडक दुर्घटनामा एक बालकसहित दुई जनाको ज्यान गएको छ।

जिल्लाको खडक नगरपालिकामा ट्याक्टरबाट लडेर एक १२ वर्षिय बालकको ज्यान गएको छ। कल्याणपुर-फुलबडीया हुँदै बनौली आवत-जाबत गर्ने भित्री सडक खण्डमा स.१त. ७३८८ नम्बरको ट्याक्टरबाट लडेर दुर्गा भगतका १२ वर्षीय छोरा विशाल भगतको ज्यान गएको प्रहरीले जनाएको छ।

फुलबडियाबाट कल्याणपुरतर्फ जाँदै गरेको ट्याक्टरमा सवार बालक खसेर गम्भिर घाइते भएपछि उनलाई उपचारका लागि स्थानिय सुरक्षा अस्पतालमा भर्ना गरिएको थियो। सोही अस्पतालमा उनको उपचारका क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

यता ट्याक्टर र ट्याक्टर चालक खडक नगरपालिका १० का २२ वर्षीय मुन्नाकुमार यादवलाई प्रहरीले नियन्त्रणमा लिई थप अनुसन्धान गरिरहेको जनाएको छ।

यसैगरि हनुमाननगर कंकालिनि नगरपालिका १ कोशी ब्यारेज नहरको छेउमा बिहीबार बिहान मोटरसाइकल दुर्घटनमा परि एक जनाको मृत्यु भएको छ भने दुई जना घाइते भएका छन।

कोशी मेला भर्न जाँदै गरेका ३ जना सवार स.३प. ३०४७ नम्बरको मोटरसाइकल आफै अनियन्त्रित भई बाटो छेउमा बिग्रेर राखेको पुरानो रोलरमा ठोकिएर दुर्घटना भएको हो।

सो दुर्घटनमा परि मोटरसाइकल चालक जिल्लाको तिलाठी कोईलाडी गाउँपालिका ३ सखरपुरा मुखिया टोल का ३० बर्षिय शिव कुमार मुखियाको मृत्यु भएको प्रहरी नायब उपरिक्षक भुवनेश्वर साहले जानकारी दिएका छन्।

ठक्करबाट गम्भिर घाइते भएका मुखियालाई बिराटनगरस्थित गोल्डेन अस्पतालमा उपचारका लागि लगिएपनि उपचारकै क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ।

त्यस्तै दुर्घटनामा घाइते भएका मोटरसाइकलको पछाडी सबार सोही ठाउँका २० बर्षीय राम कुमार मुखिया र २५ बर्षिय राम अवतारको सोही अस्पतालमा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।


## राजविराजको मेनरोडमा कोठा भाडा चाहिएमा

राजविराज नगरपालिका साविक ३ हाल वडा नं. ४ मेनरोडमा दोश्रो तल्लामा बैंक तथा बित्तिय संस्था, बिमा कम्पनी, संघ संस्था तथा अन्य प्रयोजनका लागि कोठा भाडामा चाहिएमा तु-सम्पर्क गर्नुहोस्।

**लोकेशन : कामना सेवा विकास बैंकको माथी**
**सम्पर्क नं. ९८४२८२१०८२, ९८१९७२५०८२**



## हमरा सभक ऽ जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोकेय लेल अपनाबु होशीयारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमसँ फैलऽवाला संक्रमण अछि।
- संक्रमित भेल ब्यक्तिसँ खोकला आऽ छिँकलासँ निकलैवाला थुक आऽ पोटाकऽ माध्यमसँ यी भाइरस एक ब्यक्ती सँ दोसर ब्यक्तिमे फैलइ अछि।

**यी रोगसँ बचबाक लेल की करैय परतई ?**

- खोकैत आऽ छिँकैत काल नाक, मुख झापु आऽ प्रयोग क्यालगेल टिसूपेपरकऽ तुरन्त कुडा फेकेवाला कुडादानीमे फेकू।
- समय-समयमे साबुन पाइनसँ निकसँ मैलमैलकऽ २० सेकेण्डधरि हात धोबु। आऽ सनिटाइजर हातमे लगाबु। ककरोसँ भेटैछी त हात नहिं मिलाबु। खाली नमस्कार आऽ प्रणाम केल करू।
- खोकी लागल आदमीसँ दुरी बनाकऽ रहु। आऽ अगर अपनहूके खोकी लागल अछि त दोसर आदमीसँ दुर रहु। भीडभाडमे नहिं जाउ आऽ दोसरो लोग सभके भीडभाडमे नहिं जाउ से कहिके बुझाबु।
- आवश्यकता पडलापर मास्कके उचीत प्रयोग करू।

**आरो ध्यान देववाला बात :**

- बुखार लगलापड, खोकी भेलापड आऽ साँस लेलापर दिकत भेलापर जल्दिसँ लगके स्वास्थ्य संस्थामे सम्पर्क करू।
- कोरोना भाइरस रोगके बारेमे बेसी जानकारीके लेल पैसा नहिं लागैवाला टेलीफोन नम्बर १११५ मे फोन कऽ सकैछी।
- डेराऊ नहिं, सतर्क रहू।

## तिरहुत गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी






नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्। हाम्रो सेवाहरु →

ipay remit | City Express Money Transfer | Best Remit Quick & Easy | Prabhu Money Transfer | IME International Money Express | himal remit हिमालरेमिट | CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*